स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा मोडल दुर्गेश थापाले केही दिनअघि तीज गीत "बिच बिचमा २" ल्याए। गीत सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनको यो गीतभन्दा उनले हालै ल्याएको फिल्म "मास्टर्नी" को प्रवर्धन गीत युट्युबबाट हटाइएको कुराले चर्चा पायो। यो सन्दर्भमा पत्रकारसँग दुर्गेशको सवालजवाफ पनि भयो। पत्रकारले उनलाई उक्त प्रवर्धन गीत किन बनाएको र हटाएको भन्ने प्रश्नहरु वर्षाए। "मलाई कसैले पत्र काटेर गीत हटाउन भनेको होइन।

आजको विचार...



विपद्मा...
*(दुई पेजमा)*

हिरा विश्वकर्मा

गायिका समीक्षा अधिकारीले आफ्नो नम्बर काम नपरेसम्म कसैलाई नदिन आग्रह गरेकी छन्। बिनाकाम फोन गरेर दुःख दिने गरेको भन्दै उनले आफ्नो नम्बर मागनबितिकै कसैलाई पनि नदिन उनको अनुरोध छ। करिब डेढ वर्षदेखि एउटै व्यक्तिले पटक-पटक फरक-फरक नम्बरबाट आफूलाई फोन गरेर दुःख दिइरहेको उनको भनाइ छ। "फोन उठाउँदा म रमेश शाही भन्नुहुन्छ, तर के कामले फोन गर्नु भएको ? भन्दा आफ्नो नामबाहेक कुनै स्पष्ट कुरा गर्नुहुन्न। एउटा नम्बर ब्लक गरेपछि अर्को नम्बरबाट फेरि उही कुरा दोहोरिन्छ,"



❒ वर्ष ३२ ❒ अंक ५१ ❒ २०८३ भदौ २१ गते आइतबार 6 September 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु

एजेन्सीएजेन्सी

**सुडान,** भदौं २०/सुडानको दक्षिण कोर्डोफान राज्यमा भएका दुई छुट्टाछुट्टै आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । स्वयंसेवी संस्था सुडान डक्टर्स नेटवर्कका अनुसार बिहीबार दिउँसो काउडाको दक्षिण र पश्चिममा पर्ने डेबी र लुवैरी क्षेत्रमा सुडान पिपुल्स लिबरेसन मुभमेन्ट-नर्थका लडाकुले गरेको आक्रमणमा महिला तथा बालबालिकासहित २१ जनाभन्दा बढीको मृत्यु भएको थियो । घटनामा अन्य धेरै घाइते भएका छन् । शुक्रबार बिहान भएको अर्को घटनामा डिलिङ सहरमा उक्त समूहका लडाकुले गरेको तोप प्रहारबाट एक बालकसहित पाँच जनाको मृत्यु भएको र अन्य घाइते भएको संस्थाले जनाएको छ । सुडान डक्टर्स नेटवर्कले डेबी र लुवैरीमाथिको आक्रमणको निन्दा गर्दै यो अगस्टको अन्त्यमा भएको युद्धविराम सम्झौताको उल्लैन भएको जनाएको छ । संस्थाले सर्वसाधारणलाई लक्षित गरिएको आरोपसमेत लगाएको छ ।

# भोटेकोशीको पीडाबीच पाल्पामा मनाइयो २०७ औँ विजय उत्सव

रामचन्द्र रायमाझी

**पाल्पा, भदौ २०** / नेपाल-अंग्रेज युद्धमा विजय हासिल गरेको सम्झनामा शनिबार पाल्पामा ऐतिहासिक भगवतीको रथसहित सिन्दुर जात्रा निकालिएको छ । प्रत्येक वर्ष भगवती मन्दिर गुठी व्यवस्थापन समितिले जात्रा निकाल्दै आएको छ । यसवर्ष २०७ औँ भगवती खट यात्राका रूपमा सिन्दुर जात्रा निकालिएको हो ।

यो जात्रालाई जिल्लामा निकालिने सबैभन्दा ठूलो जात्राका रूपमा लिने गरिन्छ । नेपाली सेनाले भगवतीको रथलाई अपराह्न १२:३० बजे सलामी दिएर तीन पटक मन्दिर परिक्रममा गराएपछि रथ निकालिएको हो । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काँधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाइका साथ मूर्तिलाई रथमा राखेर नगर परिक्रमा गराइएको थियो । रथलाई जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी



कार्यालयले बलि चढाएपछि तानसेनको परिक्रममा गराइएको हो । रथलाई कुमाल समुदायका युवाले काँधमा बोकी नगर परिक्रमा गराएका हुन् । जात्राको अघिल्लो दिन अर्थात् श्रीकृष्णजन्माष्टमीका दिनदेखि एसियाको ठूलो ढोका मानिने मूल गेट खुला गरिएको थियो । विगतका वर्षजस्तो बाजागाजा सहित सांस्कृतिक झाँकी निकालिएन । देश भोटेकोशी बाढीको पीडामा रहेका बेला संयमित र औपचारिक रूपमा रथ निकालिएको श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोककुमार महर्जनले बताए । देश नै शोकको अवस्थामा रहेकाले यस वर्ष जात्रामा अनावश्यक तामझाम नगरिएको उनको भनाई छ । अध्यक्ष महर्जनले भने "भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि देश शोकमा छ । यही अवस्थालाई ध्यानमा राख्दै हामीले विजयोत्सवलाई औपचारिकतामा सीमित गरेका हौं ।"उनका अनुसार विगतमा जस्तो पञ्चेबाजा, प्रसस्त ढिमेबाजा निकालिएन । नेपाली सेनाको बाजा भने प्रयोग गरिएको अध्यक्ष महर्जनले बताए । रथलाई नगर परिक्रमा पछि मन्दिर परिसरमा पुऱ्याई विसर्जन गरिएको समितिका अध्यक्ष महर्जनले बताए । वि.स. १८७१ देखि १८७२ मा भएको नेपाल अँग्रेज युद्धमा पाल्पाली कमाण्डर कर्णेल उजिरसिंह थापाले अंग्रेज फौजलाई हराउन सफल भएपछि पाल्पामा हरेक वर्ष भाद्र कृष्णनवमीको दिन विजय उत्सव स्वरुप भगवती रथयात्रा निकाल्ने गरिएको हो । जात्रा हेर्नको लागि तानसेनमा सयौंको संख्यामा जात्रालु जिल्ला र जिल्लाबाहिरबाट आएका थिए ।

*(बाँकी अन्तिम पेजमा...)*

## मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचविखन भन्नाले:**

-मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,

- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,

- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

-प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,

- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन् ।

तसर्थ:

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,

- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## भोटेकोशी बाढी अपडेट : मृत्यु हुने १ हजार ३ सय ३५ पुगे

**पाल्पा,** भदौ २०/ रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण शनिबार साँझ सम्म मृत्यु हुनेको संख्या १ हजार ३ सय ३५ पुगेको छ । केन्द्रीय समाचार कक्षका अनुसार रसुवामा १ सय ६० जना, नुवाकोटमा १ सय ९३ जना, धादिङमा ६७ जना, चितवनमा ३ सय ६२ जना, गोरखामा ७४ जना, तनहुँमा ३८ जना, नवलपरासी पूर्वमा २ सय २२ जना र नवलपरासी पर्शचिम २ सय १९ जना गरी १ हजार ३ सय ३५ जनाको शव फेला परेको हो ।

फेला परेका शवहरूको पहिचानका लागि डिएनए नमुना संकलन देखि आवश्यक प्रक्रिया पुरा गरी हाल सम्म १ हजार ३० वटा शव व्यवस्थापन (माटो मुनि सुरक्षित राखिएको) गरिएको छ । शव पहिचानका लागि मृतकका १ हजार २ सय ६० र आफन्तका १ हजार १२ गरी कुल २ हजार २ सय ७२ वटा डिएनए नमुना संकलन गरिएको छ । साथै पहिचान नभएको १ हजार २ सय ९२ वटा शवहरूको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत



अपलोड गरिएको छ । बाढी प्रभावित क्षेत्रमा उद्दार, खोजी, राहत वितरण, शव व्यवस्थापन लगायतका कार्यका लागि हालसम्म ७ हजार ९ सय १२ जना प्रहरी कर्मचारीहरू परिचालन गरिएको छ । हालसम्म बेपत्ता भएका ४ हजार ८ सय ८७ जनाको खोजी कार्य भइरहेको छ । यसैगरी विभिन्न जिल्लाहरूमा रहेको होल्डिङ सेन्टरमा ३ हजार ९८ जना व्यक्तिहरूलाई राखिएको छ । प्रहरीले बाढीको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा आवश्यक उद्दार एवम् खोजी गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत गरिरहेको छ । बाढीको ११औँ दिन शनिबार नुवाकोटको बेत्रावती बजारबाट एक महिलाको जीवित उद्धार गरिएको छ । नुवाकोटको विदुर नगरपालिका-१० निवासी ६४ वर्षीया चण्डिका श्रेष्ठलाई बेत्रावती बजारस्थित आनन्द श्रेष्ठको घरबाट सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले उद्धार गरेको हो । उनलाई सेनाको हेलिकोप्टरमार्फत काठमाडौंस्थित छाउनी अस्पतालमा लगिएको छ । शुक्रबार पनि दुई जनालाई जीवितै उद्धार गरिएको थियो । अझै पनि खोजी र उद्धारको काम जारी छ । बाढीपछि सम्पर्कविहीन भएकाहरुका परिवारमा आशा अझै बाँकी छ ।

**प्रधानमन्त्री राहत कोषमा ११ अर्बभन्दा बढी संकलन**

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हाल ११ अर्ब ५ करोड ५६ लाख २६ हजार ९७१ मौज्दात रहेको प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले जनाएको छ । सरकारले यसअघि उक्त कोषमा जम्मा भएको १ अर्ब बाढी प्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ । ९ वटा वाणिज्य बैंकमा ८ अर्ब ६ करोड २५ लाख १५ हजार ५१८ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा थप १ करोड ९८ लाख ३७ हजार ६९५ अमेरिकी डलर जम्मा भएको कार्यालयले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महिला र बाल अधिकार : कानूनदेखि व्यवहारसम्म

नेपालको संविधानले महिला तथा बालबालिकाको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । महिलालाई समानताको हक, समानुपातिक समावेशी सहभागिता, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार प्रदान गरिएको छ । त्यसैगरी बालबालिकालाई नाम, पहिचान, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार र संरक्षणको अधिकार संविधानले प्रत्याभूत गरेको छ । बालबालिकामाथि हुने हिंसा, शोषण, बेचबिखन तथा जोखिमपूर्ण कामबाट संरक्षणको व्यवस्था पनि कानूनले गरेको छ ।

यी संवैधानिक र कानुनी व्यवस्थाले नेपाललाई अधिकारमुखी राज्यको दिशामा अघि बढाएको देखिन्छ । तर कानूनमा लेखिएको अधिकार व्यवहारमा कति कार्यान्वयन भएको छ भन्ने प्रश्न अझै महत्वपूर्ण छ । महिलामाथि हुने घरेलु हिंसा, यौनजन्य हिंसा, कार्यस्थलमा हुने दुर्व्यवहार, आर्थिक तथा सामाजिक विभेदजस्ता समस्या पूर्णरूपमा अन्त्य हुन सकेका छैनन् । बालबालिकाको हकमा पनि बालविवाह, बालश्रम, हिंसा, दुर्व्यवहार, बेचबिखन, विद्यालय छाड्ने अवस्था तथा डिजिटल माध्यमबाट उत्पन्न जोखिम चुनौतीका रूपमा देखिएका छन् ।

अधिकारको संरक्षणका लागि कानून बनाउनु पहिलो चरण मात्र हो । त्यसको प्रभावकारी कार्यान्वयन, पीडितलाई सहज न्याय, दोषीमाथि कानूनबमोजिम कारवाही र राज्यका निकायबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ । अझै पनि कतिपय पीडितले सामाजिक दबाब, आर्थिक निर्भरता, पारिवारिक प्रभाव वा न्यायिक प्रक्रियाको जटिलताका कारण उजुरी गर्न नसक्ने अवस्था भोगिरहेका छन् । यस्तो अवस्था अन्त्य गर्न स्थानीय तहदेखि न्यायिक तथा सुरक्षा निकायसम्म पीडितमैत्री सेवा विस्तार गर्नुपर्छ । महिला र बालबालिकाको अधिकार संरक्षण केवल महिला, बालबालिका तथा सम्बन्धित सरकारी निकायको जिम्मेवारी होइन। परिवार, विद्यालय, समुदाय, सञ्चारमाध्यम, नागरिक समाज र राजनीतिक नेतृत्व सबैको समान दायित्व हो । कानूनको जानकारी गाउँ–गाउँसम्म पुऱ्याउनु, विद्यालय तहदेखि अधिकार र कर्तव्यबारे सचेतना बढाउनु तथा सार्वजनिक निकायलाई जवाफदेही बनाउनु आवश्यक छ ।

नेपालमा अधिकारसम्बन्धी कानूनको कमीभन्दा कार्यान्वयनको प्रभावकारिता ठूलो चुनौती हो । त्यसैले अब नयाँ कानून थप्नेभन्दा भएका कानुनको निष्पक्ष र प्रभावकारी कार्यान्वयनमा राज्यको प्राथमिकता केन्द्रित हुनुपर्छ । महिला र बालबालिकाले आफ्नो अधिकार कागजमा मात्र होइन, दैनिक जीवनमै अनुभूति गर्ने अवस्था सिर्जना भए मात्र कानुनी राज्यको वास्तविक अर्थ स्थापित हुनेछ ।

### Opinion @ Social Network

परीस्थीतीसग सामना गरेपछि मात्र थाहा पाए
मान्छेहरु त सिर्फ मुख्ले मात्रै आृना रहेछन्
*(मिना ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विपद्‌मा प्रधानमन्त्रीको बोली र प्रविधिमाथिको हाम्रो भ्रम



हिरा विश्वकर्मा

*प्रधानमन्त्री बालेन्द्र शाह स्वयं स्ट्रक्चरल इन्जिनियर हुन्। त्यसैले विपद्को प्राविधिक पक्षबारे उनको धारणा सामान्य राजनीतिज्ञको भन्दा बढी गम्भीरतापूर्वक लिइन्छ। तर इन्जिनियर हुनुको अर्थ सबै समस्याको समाधान आफैंसँग हुनु होइन। बरु इन्जिनियरिङको एउटा महत्त्वपूर्ण गुण नै समस्याको जटिलता र आफ्नो ज्ञानको सीमालाई पहिचान गर्नु हो। कुनै पनि असाधारण प्राविधिक समस्यामा पहिलो प्रश्न 'यसको समाधान छ कि छैन ?' मात्र होइन। प्रश्न हुन्छ 'कुन विकल्प उपलब्ध छन्, तिनको जोखिम कति छ, संसारमा यस्ता समस्या कसरी समाधान गरिएका छन् र अहिलेको परिस्थितिमा कुन उपाय सुरक्षित हुन सक्छ ?'*

रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीपछि उद्धार कार्यमा भइरहेको ढिलाइलाई लिएर प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मा दिएको अभिव्यक्तिले बहस जन्माएको छ। सुरुङभित्र ठूलो मात्रामा लेदो, माटो र गेग्रान भरिएकाले तत्काल उद्धार गर्न सक्ने प्रविधि विश्वमै उपलब्ध नभएको आशय उनको अभिव्यक्तिमा प्रकट भएको थियो।तर यस विषयलाई केवल प्रधानमन्त्री सही वा गलत भन्ने राजनीतिक आँखाबाट हेर्नु उचित हुँदैन। यस घटनाले नेपालको प्राविधिक क्षमता, संकट व्यवस्थापन र नेतृत्वको शैलीबारे अझ गम्भीर प्रश्न उठाएको छ।सबैभन्दा पहिले एउटा कुरा स्वीकार गर्नुपर्छ रसुवाको उद्धार कार्य असाधारण रूपमा जटिल छ। भोटेकोशी नदीमा आएको बाढीले जलविद्युत् आयोजनाका सुरुङहरूमा ठूलो मात्रामा लेदो, माटो, ढुङ्गा र गेग्रान पसेको छ। कतिपय ठाउँमा पहुँचमार्ग समेत क्षतिग्रस्त भएका छन्।यस्तो अवस्थामा सामान्य रूपमा प्रयोग हुने एस्काभेटर, पम्प वा ड्रिलिङ उपकरण मात्र प्रयोग गरेर सुरुङभित्र पुग्नु सहज हुँदैन। सुरुङको संरचनात्मक अवस्था, पानीको बहाव, थप पहिरो वा भासिने जोखिम तथा फसेका व्यक्तिहरूको सम्भावित स्थान जस्ता अनेक पक्षलाई एकसाथ विचार गर्नुपर्छ ।त्यसैले प्रधानमन्त्रीले 'यो अत्यन्त जटिल प्राविधिक समस्या हो' भन्नुभएको भए त्यसमा प्रश्न उठाउने ठाउँ कम हुन्थ्यो। समस्या तब उत्पन्न हुन्छ, जब 'अहिले उपलब्ध साधनबाट तत्काल समाधान निकाल्न अत्यन्त कठिन छ' भन्ने यथार्थलाई 'विश्वमै यसको प्रविधि छैन' भन्ने निष्कर्षका रूपमा प्रस्तुत गरिन्छ। यी दुई कुरा एउटै होइनन्।

**प्रधानमन्त्री स्वयं इन्जिनियर हुनुको अर्थ**

प्रधानमन्त्री बालेन्द्र शाह स्वयं स्ट्रक्चरल इन्जिनियर हुन्। त्यसैले विपद्को प्राविधिक पक्षबारे उनको धारणा सामान्य राजनीतिज्ञको भन्दा बढी गम्भीरतापूर्वक लिइन्छ। तर इन्जिनियर हुनुको अर्थ सबै समस्याको समाधान आफैंसँग हुनु होइन। बरु इन्जिनियरिङको एउटा महत्त्वपूर्ण गुण नै समस्याको जटिलता र आफ्नो ज्ञानको सीमालाई पहिचान गर्नु हो। कुनै पनि असाधारण प्राविधिक समस्यामा पहिलो प्रश्न 'यसको समाधान छ कि छैन ?' मात्र होइन। प्रश्न हुन्छ 'कुन विकल्प उपलब्ध छन्, तिनको जोखिम कति छ, संसारमा यस्ता समस्या कसरी समाधान गरिएका छन् र अहिलेको परिस्थितिमा कुन उपाय सुरक्षित हुन सक्छ ?' विपद्को समयमा प्रधानमन्त्रीले सबै प्रश्नको उत्तर आफैं दिनुपर्छ भन्ने अपेक्षा गर्नु उचित हुँदैन। जनताले खोजेको कुरा 'सरकारसँग चमत्कारी समाधान छ कि छैन' भन्ने मात्र होइनह 'सरकारले सम्भव भएका सबै उपाय प्रयोग गरिरहेको छ कि छैन' भन्ने हो। यही कारणले नेपालले अहिले भारत, चीन, कोरिया र अस्ट्रेलिया लगायत देशका विज्ञ तथा प्राविधिक टोलीको सहयोग खोजिरहेको छ। यसले एउटा महत्वपूर्ण कुरा देखाउँछ नेपालसँग आफ्नो क्षमता भए पनि अन्तर्राष्ट्रिय ज्ञान र अनुभव आवश्यक पर्ने अवस्था आएको छ।त्यसैले 'विश्वमै यस्तो समस्या समाधान गर्ने विशेषज्ञता छैन' भन्ने पूर्ण दाबी गर्नुभन्दा 'यो अत्यन्त असामान्य र जटिल अवस्था हो, जसको समाधानका लागि नेपालले उपलब्ध सबै अन्तर्राष्ट्रिय विशेषज्ञता परिचालन गरिरहेको छ' भन्नु बढी वैज्ञानिक र जिम्मेवार देखिन्छ।

**संसारमा यस्ता उदाहरण छैनन् त ?**

सुरुङ दुर्घटना संसारका लागि नयाँ विषय होइन। सन् २०२३ मा भारतको सिल्क्यारा सुरुङमा ४१ जना श्रमिक १७ दिनसम्म फसेका थिए । उनीहरूको उद्धारका क्रममा विभिन्न ड्रिलिङ प्रविधि, पाइप राख्ने विधि, म्यानुअल उत्खनन र वैकल्पिक पहुँचमार्ग जस्ता उपाय प्रयोग गरिएका थिए । उक्त घटनाले अत्यन्त जटिल सुरुङ उद्धारमा पनि एउटै प्रविधिले होइन, परिस्थिति हेरेर विभिन्न प्रविधि र विशेषज्ञताको संयोजनले काम गर्नुपर्ने देखाएको थियो । तर सिल्क्यारा र रसुवाको घटना समान हुन् भन्नु पनि सही हुँदैन। भूगर्भ, सुरुङको डिजाइन, पानीको मात्रा, गेग्रानको प्रकृति, पहुँचमार्ग र संरचनात्मक जोखिम फरक हुन सक्छन्। त्यसैले सिल्क्यारामा सफल भएको विधि रसुवामा पनि त्यही रूपमा सफल हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिंदैन। यही कारणले अहिलेको बहसलाई 'सिल्क्यारामा भयो, रसुवामा किन भएन ?' भन्ने सरल राजनीतिक प्रश्नमा सीमित गर्नुहुँदैन। सही प्रश्न के हुन्छ भने संसारमा उपलब्ध सबै अनुभवबाट रसुवाको विशिष्ट परिस्थितिका लागि के सिक्न सकिन्छ ?

**एआईको प्रसङ्ग**

प्रधानमन्त्रीले संसद्मा आफ्नो अभिव्यक्तिका क्रममा मानिसहरूले गुगल र एआई प्रयोग गरेर उद्धार सम्बन्धी जानकारी खोजिरहेको प्रसंग समेत उठाएका थिए। यो प्रसंग आफैंमा रोचक छ।आजको कृत्रिम बुद्धिमत्ता (एआई) ले संसारभर भएका हजारौं प्राविधिक घटना, अनुसन्धान र अनुभवबाट सम्भावित विकल्पहरू पहिचान गर्न सहयोग गर्न सक्छ।कसैले एआईलाई सोध्यो भने- 'पानी, लेदो र गेग्रानले भरिएको जलविद्युत् सुरुङमा मानिस फसेका छन् भने विश्वमा के(कस्ता उद्धार विधि प्रयोग भएका छन् ?' एआईले विभिन्न अन्तर्राष्ट्रिय उदाहरण, सम्भावित प्रविधि, जोखिम र विशेषज्ञताको क्षेत्रबारे तत्काल जानकारी दिन सक्छ।संकटको घडीमा सबैभन्दा बलियो वाक्य शायद 'हामीसँग यसको कुनै उपाय छैन' होइन, बरु 'हामीलाई यसको जटिलता थाहा छ, हामी सबै सम्भावित उपाय खोजिरहेका छौं र हामी एक्लै छैनौं।'तर एआई इन्जिनियर वा उद्धार टोलीको विकल्प होइन। उसले सम्भावित विकल्प देखाउन सक्छ सुरुङभित्रको वास्तविक चट्टान, पानीको दबाब वा संरचनाको अवस्था आफैं परीक्षण गर्न सक्दैन। अन्तिम निर्णय फिल्डमा रहेका भूगर्भविद्, टनेल इन्जिनियर, संरचनाविज्ञ, उद्धार विशेषज्ञ र अन्य प्राविधिकले गर्नुपर्छ।त्यसैले एआईको सबैभन्दा उपयोगी भूमिका 'उत्तर दिने' भन्दा 'सही प्रश्न र सम्भावित विकल्प पहिचान गर्न सहयोग गर्ने' हुन सक्छ।

**संकटमा नेतृत्वको भाषा पनि महत्वपूर्ण हुन्छ**

विपद्को समयमा प्रधानमन्त्रीले सबै प्रश्नको उत्तर आफैं दिनुपर्छ भन्ने अपेक्षा गर्नु उचित हुँदैन। जनताले खोजेको कुरा 'सरकारसँग चमत्कारी समाधान छ कि छैन' भन्ने मात्र होइनह 'सरकारले सम्भव भएका सबै उपाय प्रयोग गरिरहेको छ कि छैन' भन्ने हो।

**त्यसैले प्रधानमन्त्रीले संसद्मा यस्तो भन्नुभएको भए अझ प्रभावकारी हुन्थ्यो :**

'यो अत्यन्त जटिल र चुनौतीपूर्ण उद्धार कार्य हो। नेपालसँग उपलब्ध सबै स्रोत र जनशक्ति परिचालन गरिरहेका छौं। आवश्यक अन्तर्राष्ट्रिय विज्ञता र प्रविधिको समेत सहयोग लिइरहेका छौं। सबै सम्भावित विकल्पको अध्ययन गर्दै सामूहिक रूपमा उद्धार प्रयास गरिरहेका छौं।'यस्तो अभिव्यक्तिले सरकारको कमजोरी देखाउँदैन। बरु जिम्मेवार नेतृत्व र प्राविधिक विनम्रता देखाउँछ। संकटको समयमा नागरिकलाई झुटो आश्वासन पनि दिनुहुँदैन र निराश बनाउने गरी असम्भवताको घोषणा पनि गर्नुहुँदैन। आशा र यथार्थ बीच सन्तुलन कायम गर्नु नेतृत्वको परीक्षा हो।

**अबको प्रश्न उद्धारपछि पनि बाँकी रहन्छ**

रसुवाको घटनाले तत्काल फसेका मानिसको उद्धार कसरी गर्ने भन्ने प्रश्न मात्र उठाएको छैन। यसले नेपालको जलविद्युत् सुरक्षा र राष्ट्रिय विपद् तयारीमाथि पनि गम्भीर प्रश्न उठाएको छ।

नेपालमा दर्जनौं जलविद्युत् आयोजना सुरुङमा आधारित छन्। हिमाली क्षेत्रमा हिमपहिरो, पहिरो, आकस्मिक बाढी र भूगर्भीय जोखिम भविष्यमा पनि रहिरहनेछन्। त्यसैले यस्तो घटना फेरि नहोस् भनेर मात्र होइन, फेरि भयो भने नेपालसँग त्यसको सामना गर्ने विशेषज्ञता र उपकरण तयार रहुन् भन्ने सोच आवश्यक छ।नेपालले विशेषीकृत टनेल रेस्क्यु क्षमता विकास गर्नुपर्छ। अत्याधुनिक उपकरण, प्रशिक्षित उद्धार टोली, सुरुङको आपत्कालीन नक्शाङ्कन, नियमित अभ्यास, वैकल्पिक पहुँचमार्गको पूर्वयोजना र अन्तर्राष्ट्रिय विशेषज्ञसँग स्थायी सहकार्य अब विलासिता होइनन्।

**अन्ततः कुरा बालेनको मात्र होइन**

प्रधानमन्त्रीको एउटा वाक्यलाई लिएर पक्ष र विपक्षमा बहस गर्न सजिलो छ। तर रसुवाको विपद्लेउठाएको प्रश्न त्योभन्दा ठूलो छ। प्रविधिको सीमा हुन सक्छ तर खोजको सीमा हुनुहुँदैन। प्रधानमन्त्री इन्जिनियर भएकाले हामीले उहाँबाट चमत्कारी समाधानको अपेक्षा गर्नु आवश्यक छैन। तर हामीले अपेक्षा गर्न सक्छौं- उहाँले समस्यालाई वैज्ञानिक ढंगले परिभाषित गर्नुहोस्, अनिश्चिततालाई स्वीकार गर्नुहोस्, आफ्नो सीमाभन्दा बाहिरको ज्ञान खोज्नुहोस् र संसारभर उपलब्ध विशेषज्ञता तथा प्रविधिलाई एउटै उद्देश्यका लागि परिचालन गर्नुहोस्।

आजको संसारमा कुनै पनि देश सबै ज्ञानको मालिक छैन। राष्ट्रको नेतृत्व भनेको सबै कुरा आफैं जान्नु होइनह सही समयमा सही ज्ञान भएको मानिस र संस्थालाई खोजेर एउटै उद्देश्यका लागि परिचालन गर्नु हो।रसुवाको उद्धार अभियानले नेपाललाई यही पाठ सिकाइरहेको छ। संटको घडीमा सबैभन्दा बलियो वाक्य शायद 'हामीसँग यसको कुनै उपाय छैन' होइन, बरु 'हामीलाई यसको जटिलता थाहा छ, हामी सबै सम्भावित उपाय खोजिरहेका छौं र हामी एक्लै छैनौं।'

*- अनलाईन खबर डटकम*

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : काम समयमै अघि बढ्नेछ । मिजासिलो व्यवहारले फाइदा दिनेछ। | **तुला**: नयाँ चिनजान बढ्नेछ । स्वास्थ्यमा समस्या देखापर्ला ध्यान दिनुहोस् । |
| **वृष** : काममा नयाँ विचार आउनेछ । तपाईंको मेहनतको प्रशंसा हुनेछ । | **वृश्चिक** : आत्मविश्वास बलियो रहनेछ । पढाईमा सफलता मिल्ने योग छ। |
| **मिथुन** : अध्ययनमा आज एकाग्रता राम्रो र हनेछ ।पुरानो साथीसँग कुराकानी सुरु हुनेछ । | **धनु** : नयाँ व्यक्तिसँग परिचय हुने छ । यात्रामा सामान छुट्ने सम्भावना छ । |
| **कर्कट** : महत्वपूर्ण समय व्यतीत हुनेछ । पदोन्नतिको मौका मिल्नेछ । | **मकर** : काममा राम्रो परिणाम दिनेछ । महत्वपूर्ण जिम्मेवारी पाउनुहुनेछ । |
| **सिंह** : आज नेतृत्व गर्ने जिम्मेवारी आउनेछ ।नयाँ कार्य थालनी हुन्छ । | **कुम्भ**: साहित्यतर्फ मन आकर्षित हुनेछ । व्यावसायिक सम्पर्कबाट आर्थिक फाइदा हुनेछ। |
| **कन्या** : जटिल काम बन्नेछ । पुरानो समस्याको समाधान हुनेछ। | **मीन** : काममा क्षमताको प्रशंसा हुनेछ । व्यवसायबाट राम्रो कारोबार हुनेछ। |

## कृषि

# खेतीयोग्य जमिनमा रुद्राक्ष खेती, आम्दानीको नयाँ बाटो



इलाममा परम्परागत खेतीबाट राम्रो आम्दानी लिन कठिन भइरहेका बेला इलाम माङसेबुङका एक किसानले रुद्राक्ष खेतीलाई आम्दानीको नयाँ बाटो बनाएका छन् । माङसेबुङ गाउँपालिका-२ काब्राबोटेका किसान पृथीमान जवेगूले विगत १० वर्षदेखि रुद्राक्ष खेती गर्दै आएका छन् । खेतीयोग्य जमिनमा रुद्राश्र रोप्नुभएको जवेगूले वार्षिक रु दुई लाख आम्दानी गर्दै आएका छन् ।

उनले १८ रोपनी बारीमा ३०० वटा रुद्राक्षका बोट रोपेका छन् । बिस २०७३ सालमा संखुवासभाबाट प्रतिगोटा रु २०० का दरले बिरुवा खरिद गरेर रुद्राक्ष रोपेको उनले बताए । चार वर्षपछि सबै बोटले उत्पादन दिन थालेको उनले बताए । 'बिस २०७३ सालमा संखुवासभाको कुस्वाबेँसीबाट प्रतिगोटा रु २०० का दरले ३०० वटा रुद्राक्षको बिरुवा ल्याएर खेतीयोग्य बारीमा रोपेको हुँ,' उनले भने, 'चार वर्षपछि उत्पादन सुरु भयो । बिस २०७७ सालदेखि बर्सेनि रु दुई लाख कमाइ भइरहेको छ ।' रुद्राक्षलाई अन्य बालीजस्तो धेरै मेहनत गरिरहन नपर्ने भएकाले आम्दानी सबै बचत हुने जवेगूले बताए। सुरुमा बिरुवा किन्न, खाडल निर्माण, मल तथा सिँचाइ व्यवस्थापनमा खर्च भए पनि बोट हुर्केपछि कुनै खर्च नहुने उनले बताए । अन्य अन्नबाली बर्सेनि लगानी र श्रम गर्नुपर्ने तर रुद्राक्ष एकपटक लगाएपछि लामो समयसम्म आम्दानी लिन सकिने उनको भनाइ छ । जवेगूले उत्पादन गरेको रुद्राक्ष बिक्रीका लागि बजारको चिन्ता छैन । संखुवासभाका व्यापारीले बोटबाट नै वार्षिक रु दुई लाख दिने शर्तमा ठेक्का सम्झौता गरी लैजाने गरेको उनले सुनाए । 'रुद्राक्ष बिक्रीका लागि मैले केही गर्न पर्दैन । उत्पादन भएपछि उहाँहरु आउनुहुन्छ । दाना आफैँ हेर्नुहुन्छ । मुखदारजति छान्नुहुन्छ,खेतीयोग्य जमिनमा रुद्राक्ष खेती, आम्दानीको नयाँ बाटो' उनले भने, 'ठेक्का सम्झौताअनुसार पैसा दिएर जानुहुन्छ ।' वगतमा परम्परागत रूपमा मकै, कोदोलगायत अन्नबाली खेती गर्दै आएका जवेगूले रुद्राक्षबाट कम मेहनतमा तुलनात्मक रूपमा राम्रो आम्दानी लिन सकिने बताए । अहिले रुद्राक्षबाट हुने आम्दानीले उहाँको घरखर्चमा प्रत्यक्ष सहयोग पुगेको छ । 'पहिले कडा मेहनत गर्दा अन्नबालीबाट खरखर्च चलाउन मुस्किल पर्दथ्यो,' उनले भने, 'अहिले बर्सेनि नियमित आम्दानीले घरखर्च चलाउन सहज भएको छ ।' रुद्राक्ष खेतीबाट नियमित आम्दानी हुन थालेपछि उनले आगामी दिनमा रुद्राक्षको खेती विस्तार गर्ने योजनानामा रहेको बताए। आगामी वर्ष नयाँ जमिनमा रुद्राक्ष रोप्ने योजना बनाएको जवूगूले गाउँका अन्य किसानलाई रुद्राक्ष खेतीबारे जानकारी गराउँदै आएका छन् ।

माङसेबुङमा पहिलोपटक जवेगूले व्यावसायिक रुद्राक्ष खेती सुरु गरेपछि अन्य किसानले पनि परीक्षणका लागि थोरै क्षेत्रमा रुद्राक्ष रोप्न थालेका छन् । स्थानीयस्तरमा प्राविधिक सहयोग, गुणस्तरीय बिरुवा र बजार व्यवस्थापनमा ध्यान दिन सके रुद्राक्ष खेतीलाई व्यावसायिक रूप दिन सकिने जवेगूको भनाइ छ । रुद्राक्षबाट गुणस्तरीय र दुर्लभ दाना उत्पादन भए एकैपटक ठूलो रकम प्राप्त गर्न सकिने जवेगूको भनाइ छ । 'सबै दानाको मूल्य एउटै हुँदैन, उनले भने, 'स्पष्ट मुख देखिने, राम्रो आकार भएका र आकर्षक बनोटका दानाले बजारमा बढी मूल्य पाउने गरेको छ ।' रुद्राक्षका दानामा देखिने प्राकृतिक धर्सा वा रेखाका आधारमा यसको 'मुख' निर्धारण गरिन्छ । रुद्राक्षको दानाको मूल्य मुखअनुसार फरक/फरक निर्धारण हुने गरेको छ ।

सामान्यतया आठदेखि २९ मुखेसम्मका दानालाई 'मुखदार' रुद्राक्ष मानिन्छ । व्यापारीका अनुसार रुद्राक्षको मुखको संख्या जति धेरै हुन्छ, त्यति नै दुर्लभ र मूल्यवान् मानिने भएकाले यसक बजार सोहीअनुसार उच्च हुने गर्दछ । रुद्राक्षका दाना धार्मिक तथा सांस्कृतिक प्रयोजक साथै माला, गहना र विभिन्न सामग्री बनाउन प्रयोग हुने भएकाले बजारमा यसको माग हुने गरेको छ । धार्मिक तथा आध्यात्मिक महत्वका कारण रुद्राक्षको माग स्वदेशमा मात्र नभई विदेशमा उच्च रहेको व्यवसायीको भनाइ छ । रुद्राक्ष समुद्री सतहदेखि करिब एक हजार ८०० मिटरको उचाइमा खेती गर्न सकिने विज्ञको बनाइ छ । यसका लागि मट्याइलो, पारिलो र घमाइलो जग्गा उपयुक्त मानिन्छ । यसको बिरुवा वर्षादयाम अर्थात् असारदेखि असोजसम्म १० मिटरको फरक पारेर रोप्न उपयुक्त मानिन्छ । तराईदेखि मध्यपहाडि क्षेत्रमा खेती गर्न सकिने यो नगदेवृक्ष फल दिन थालेपछि पचासौँ वर्षसम्म फल फलिरहन्छ । *-रासस*

# विपत्तिपछि दैनिक उपभोग्य वस्तुमा महँगी

**काठमाडौं,** १० भदौमा भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीको प्रत्यक्ष असर उपभोक्ताको भान्सामा पर्न थालेको छ । बाढी र कटानका कारण उपत्यका भित्रिने मुख्य सडकहरू भासिँदा र मालवाहक गाडी बाटैमा रोकिँदा काठमाडौंमा दैनिक उपभोग्य वस्तुको आपूर्ति प्रणाली प्रभावित भएको छ । यही कारण बजारमा खाद्यान्न, खानेतेल, हरियो तरकारी, फलफूल लगायत दैनिक अत्यावश्यक वस्तुको मूल्य आकासिएको छ ।

काठमाडौं उपत्यकाको 'लाइफलाइन' मानिने नागढुंगा-मुग्लिन सडकखण्ड अन्तर्गत कृष्णभिरमा त्रिशूलीको बाढीले सडक कटान गरेर भासिएको छ ।त्यस्तै बुधबार बिहान मात्रै नागढुंगा-नौबिसे सडक खण्ड अन्तर्गत नागढुंगा नजिकैको पातले वनमा सडक भासिएपछि कृष्णभिर यताबाट चल्ने यातायात पनि पूर्णरूपमा प्रभावित भएको छ ।आइतबारदेखि नै मालवाहक सवारी काठमाडौं भित्रिन र बाहिरिन नपाउँदा बजारमा सामान आपूर्ति प्रभावित भएको हो । उपभोक्ताले बजारमा अभाव हुने हो कि भनेर खाद्यान्नको जोहो गर्न थालिसकेका छन् ।

**चामल, तेल र चिनीको भाउ अचाक्ली वृद्धि**

बाटो बन्द भएको बहानामा थोक ( होलसेल) व्यापारीले भइरहेको सामान पनि लुकाउन थालेपछि खुद्रा बजारमा महँगी बढेको उपभोक्ताले आरोप लगाएका छन् ।तर, खुद्रा व्यापारीहरू भने ढुवानी भाडा महँगो भएपछि समस्या भएको दाबी गर्छन् । नयाँ बानेश्वरका एक किराना व्यापारीका अनुसार केही दिनअघिसम्म प्रतिकिलो १ सय २० रुपैयाँसम्ममा पाइने चिनीको मूल्य अहिले १ सय ४० रुपैयाँ पुगेको छ ।'होलसेलमा चिनी नै छैन भन्छन्, सर्टेज भइसक्यो,' ती व्यापारीले भने, 'महँगो भएर किन्न नसकिने अवस्था आएपछि मैले बेच्नै छाडेँ, महँगो भनेर उपभोक्ता नै रिसाउन थालेपछि ल्याएको छैन ।'

त्यस्तै चामल र खानेतेलको मूल्यमा पनि अचाक्ली वृद्धि भएको छ । बजारमा सबैथरी चामलको मूल्य प्रतिबोरा कम्तीमा २ सयदेखि ३ सय रुपैयाँसम्म बढेको छ । पहिले २ हजार ४ सय रुपैयाँ पर्ने २० किलोको जिरा मसिनो चामलको मूल्य अहिले २ हजार ६ सयदेखि २ हजार ७ सय रुपैयाँसम्म पुगेको छ ।सनूलावर तेलको मूल्य ब्रान्ड अनुसार प्रतिलिटर ३ सयदेखि ३ सय ५० रुपैयाँ र तोरीको तेल ४ सय रुपैयाँ हाराहारी पुगेको व्यापारीको दाबी छ । दाल र गेडागुडीको मूल्य भने अहिलेसम्म बढिसकेको छैन, तर बाटो खुल्ने समय लम्बिँदै गए त्यसको मूल्य पनि बढ्ने व्यापारीहरू बताउँछन् ।

**थोक व्यापारीले बिल नदिँदा चिनी बेच्न गाह्रो भयो : खुद्रा व्यापार संघ**

नेपाल खुद्रा व्यापार संघका अनुसार चिनी, खानेतेल, चामल, लगायत वस्तुका मूल्य पहिलेदेखि नै महँगो नै रहेको र देशमा अप्रत्याशित आएको विपत्तिले झनै असर पार्न थालेको छ ।बाढीपहिरोका कारण सडक अवरुद्ध भए पनि काठमाडौं उपत्यकामा तत्काल खाद्यान्न अभाव नरहेको संघले जनाएको छ । यद्यपि, केही दिनपछि बजारमा यसको असर अझै चुलिन सक्ने र विशेषगरी थोक व्यापारीले सही बिल नदिँदा चिनीको व्यापारमै समस्या आएको संघको भनाइ छ ।संघका महासचिव अमुलकाजी तुलाधरले खुद्रा व्यापारीहरूसँग १५ दिनदेखि एक महिना अगाडिसम्मको मौज्दात (स्टक) रहेकाले अहिले बजारमा अभावको अवस्था नरहेको बताएका छन् । नयाँ सामान खरिद गर्न जाँदा मात्रै बजारको वास्तविक अवस्था थाहा हुने उनको भनाइ छ ।'अब एक सातापछि के हुन्छ भनेर अझै विस्तृतमा थाहा हुन्छ,' महासचिव तुलाधरले भने, 'अहिले त हामीसँग खुद्रा स्तरमा १५ दिन अगाडि, महिना दिन अगाडिको सामानहरू नै बाँकी छ, कोही एक-दुई जनाको ५/१० प्रतिशतको सिद्धिएको हुन सक्छ, तर सबैको हिजोको आजै सिद्धिँदैन, बजारमा हामीले व्यापार गरिरहेकै छौं ।'बजारमा सामानको पूर्ण अभाव नभए पनि सामान महँगो भएको गुनासो भने आउन थालेको तुलाधरले स्वीकार गरे । विशेषगरी चिनीमा ठूला थोक व्यापारीले खरिदको सही बिल नदिँदा खुद्रा व्यापारी ठूलो मारमा परेका छन् । उनले थोक व्यापारीले बिल नदिए खुद्रा व्यापारीले चिनी बेच्नै छाड्ने अवस्था आउन सक्ने बताए ।'चिनीको मूल्यवृद्धि भयो भन्ने धेरै गुनासो छ, थोक व्यापारीले नै चिनीको सही बिल दिँदैनन्,' उनले भने, 'खुद्रा व्यापारको स्तरमा हामीले प्यान बिल दिनुपर्छ, तर ठूला व्यापारीहरूले सही मूल्यको बिल दिँदैनन्, सही मूल्यको बिल नलिई हामीले बिल काट्न सक्दैनौं ।'सही मूल्यको बिल नदिए खुद्रा व्यापारीहरूले पनि व्यापार गर्न छाड्नुपर्ने अवस्था आउन सक्ने उनको भनाइ छ । उनले अहिले बजारमा खानेतेल पुरानै मूल्यमा बिक्री भइरहेको दाबी गरे । खुद्रा व्यापारीले कम्पनीले तोकेको अधिकतम खुद्रा मूल्य (एमआरपी) भित्रै रहेर व्यापार गरिरहेको उनले बताए । बाढीपहिरोपछि तेलको मूल्य बढे/नबढेको बारे नयाँ सामान लिन गएपछि मात्रै थाहा हुने उनको तर्क छ ।

**'ढुवानी महँगिदा बजारमा असर परेको हो'**

हालैको विपद्पछि बजारमा चामलको मूल्य प्रतिबोरा ३ सय रुपैयाँसम्म बढेको गुनासो आइरहँदा उद्योगीहरू आफूहरूले मूल्य नबढाएको दाबी गर्छन् ।नेपाल चामल, तेल, दाल उद्योग संघ सदस्य विभोर अग्रवालले उद्योगबाट पुरानै मूल्यमा चामल गइरहेको तर सडक अवरोधका कारण ढुवानी भाडा बढ्दा त्यसको असर बजारमा परेको बताए । अग्रवालले चामलको कच्चापदार्थ धानको मूल्य नबढेकाले उद्योगले चामलको भाउ नबढाएको दाबी गरे ।'चामलको मूल्य बढेको छैन, हामीले पूरानै मूल्यमा बजार पठाइरहेका छौं,' अग्रवालले भने, 'अहिले विराटनगरबाट काठमाडौं आउने ढुवानी राम्रो तरिकाले हुन सकेको छैन, वैकल्पिक मार्गको प्रयोगमा ढुवानी भाडा अत्यधिक बढेको छ ।'

**भाडा बढ्दाको असर**

अग्रवालका अनुसार विराटनगरबाट काठमाडौं सामान ल्याउँदा पहिले र अहिलेको भाडामा ठूलो अन्तर आएको छ । ठूला मालवाहक गाडी नपाउँदा साना गाडी प्रयोग गर्नुपरेको र त्यसले ढुवानी लागत झनै बढाएको उनले बताए ।'पहिला विराटनगरबाट काठमाडौं १ सय ५ रुपैयाँको भाडामा आइराखेको थियो भने, त्यो अहिले १ सय ५० परेको छ, ठूलो गाडी आउनै सकेको छैन, साना गाडीमा भाडा ५० रुपैयाँ महँगो भइराखेको छ,' उनले भने, 'यो ढुवानीको भाडा त आखिरमा डिलरले तिर्नुपर्छ, डिलरले तिरेकोमा ग्राहकले तिर्नुपर्छ ।' सबैभन्दा धेरै खपत हुने २५ किलोको जिरा मसिनो चामलको उद्योगको मूल्य अहिले पनि २ हजार ५ सय ५० रुपैयाँ नै रहेको उनको भनाइ छ ।ढुवानी भाडा जोडेर नयाँ बिल काट्दा उद्योगले नै भाउ बढाएको जस्तो देखिने भएपछि अहिले उद्योगीहरूले 'एक्स(फ्याक्ट्री' (कारखानाकै मूल्यमा) बिल काट्न थालेको अग्रवालले बताए । उनले डिलरहरूलाई आफैं गाडीको व्यवस्था गरेर सामान लैजान आग्रह गरिएको बताए ।

**पुरानो स्टकमा भाउ बढाउनु गलत**

कतिपय डिलर र पसलहरूले पुरानै मौज्दात (स्टक) को सामानलाई पनि विपद्को मौका छोपेर महँगोमा बेचिरहेकोतर्फ इङ्गित गर्दै अग्रवालले त्यसो गर्नु गलत भएको बताए ।'डिलर वा पसलवालासँग पुरानो स्टक छ भने त उनीहरूले पुरानै मूल्यमा बजारलाई दिनुपर्छ नि, पुरानो स्टकमा मूल्य बढाएर लिन्छ भने त्यो त गलत हुन्छ,' अग्रवालले भने, 'यसमा त सरकारले अनुगमन गरेर सत्यतथ्य पत्ता लगाउनुपर्छ ।'

**स्याउ र लसुन छोइसक्नु छैन**

खाद्यान्नमात्र होइन, हरियो तरकारी र फलफूलको मूल्य पनि छोइसक्नु छैन । कालीमाटी फलफूल तथा तरकारी बजारमै सामान आयात प्रभावित भएको भन्दै खुद्रा व्यापारीहरूले महँगोमा बेच्न बाध्य भएको बताएका छन् ।बुद्धनगरका तरकारी व्यापारी देव रानाले पहिरोले बाटो बन्द हुँदा बजारमा पर्याप्त तरकारी नभित्रिएको र नजिकैका जिल्लाबाट भित्रिएको थोरै परिमाणको तरकारीको मूल्य ह्वात्तै बढेको सुनाए ।'एक किलो स्कुसकै मूल्य ७० रुपैयाँसम्म पर्न गएको छ,' उनले भने, 'कालीमाटी लगायत अन्य बजारमा धेरै तरकारी नआएकाले पनि महँगो पर्न गएको हो ।'नयाँ बानेश्वरका एक फलफूल तथा तरकारी व्यापारीका अनुसार भारतबाट आउने प्याज प्रतिकिलो १ सय २० रुपैयाँ पुगेको छ भने चिनियाँ लसुन ३ सय ५० रुपैयाँ पुगेको छ । बाढीले चिनियाँ नाका बन्द भएको र भारतबाट आउने बाटो पनि अवरुद्ध हुँदा आलुको मूल्य पनि बढ्दै उनले बताए ।'चीनबाट आउने लसुनदेखि स्याउसम्म सबैको भाउ होलसेलमै बढिसकेको छ,' उनले भने, 'केही होलसेल व्यापारीले स्टकमा भएको सामान पनि महँगोमा बेच्न थालेका छन् ।' उनले स्याउ र अनारको मूल्य पनि बढेको बताए । उनका अनुसार स्याउको मूल्य कार्टुनमै २ हजारदेखि २ हजार २ सयसम्म बढेको छ । पहिला ४ हजार ५ सयमा पाइने एक कार्टुन ( २० किलो) स्याउको मूल्य अहिले ७ हजार २ सयदेखि ७ हजार ५ सय रुपैयाँसम्म तिर्नुपरेको उनको गुनासो छ ।'पहिले सस्तो रहेको स्याउ अहिले किलोकै ४ सय ५० रुपैयाँ पुगेको छ,' ती व्यापारीले भने, 'होलसेलबाट कार्टुनमै सामान ल्याउन पनि माल नआएर गाह्रो छ ।'त्यस्तै अनारको मूल्य किलोको ३ सय ५० बाट बढेर ४ सय रुपैइँ पुगेको छ भने केरा दर्जनकै २ सयदेखि २ सय ५० रुपैयाँ पुगेको छ ।

**ग्यास अभाव उस्तै**

सडक अवरुद्ध हुँदा उपत्यकामा खाना पकाउने ग्याससमेत चरम अभाव सुरु भइसकेको छ । पहिलेदेखि नै अभाव रहेको ग्यास राजमार्ग अवरुद्ध हुँदा अझै चुलिँदै गएको छ । डिपोहरूमा ग्यास नभएको भन्दै उपभोक्ता रित्तो सिलिन्डर बोकेर भौँतारिन बाध्य छन् । काठमाडौं उपत्यकाका प्रत्येक डिलरमा ग्यासको लाइन लागेको छ । अहिले नेपाल आयल निगमले वैकल्पिक मार्गबाट ग्यास ल्याउन लागेको छ ।निगमका कार्यकारी निर्देशक नागेन्द्र साहका अनुसार सुरुमा तराईबाट ग्यास ल्याउने व्यवस्था मिलाउन पहल भइरहेको छ । तराईबाट ग्यास आएपछि अत्यावश्यक परेका उपभोक्तालाई प्राथमिकतामा राखेर वितरण गरिने उनले बताएका छन् ।निगमले ग्यास अभाव हुन नदिन हाललाई व्यावसायिक प्रयोजनका लागि ग्यास बिक्री वितरण पूर्णरूपमा रोक्न विक्रेताहरूलाई निर्देशन दिएको छ ।निर्णय अनुसार विशेषगरी विद्यार्थी, असहाय, बिरामी, ज्येष्ठ नागरिक, विभिन्न आश्रम र अपाङ्गता भएका व्यक्ति तथा बाढीपीडितका लागि खुलेका सेन्टरहरूलाई आवश्यकता अनुसार प्राथमिकताका आधारमा ग्यास उपलब्ध गराउने भनिए पनि उपभोक्ता आश्वस्त हुन सकेका छैनन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विपद् तथा चाडपर्वको मौका छोपेर उपभोक्तामाथि मनलाग्दी मूल्य तोक्ने व्यवसायीमाथि कडा कारबाही गर्न र ठूला गोदाममै गएर अनुगमन गर्न निर्देशन दिएको छ ।**-अनलाइन खबर**

# अवैध लागूऔषध सहित १३ जना पक्राउ



**पाल्पा,** भदौं २०/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १३ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, पर्सा,सुनसरी, कञ्चनपुरका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १३ जना पक्राउ परेका हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब २ किलो गाँजासहित भारतीय नागरिक ३६ वर्षीय फिरोज मोहमद पक्राउ परेका छन् । मलेसियन एयरलाइन्सबाट काठमाडौं आएका उनलाई लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको टोलीले पक्राउ गरेको हो । यस्तै रूपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट चरेसजस्तो पदार्थ ३.५७० ग्राम, स्पास्मो १६० ट्याब्लेट र नगदसहित २२ वर्षीय नसरूद्धिन फकिर र २४ वर्षीय सत्यनारायण यादव पक्राउ परेका छन् । त्यस्तै, बाँकेको बैजनाथबाट ब्राउनसुगर जस्तो पदार्थसहित सन्तोष विक र डमरबहादुर कामी पक्राउ परेका छन् । डमरबहादुरको घरबाट थप १.९६० ग्राम उक्त पदार्थ र नगदसमेत बरामद भएको प्रहरीले जनाएको छ । पर्साको पकहाँ मैनपुरबाट ११४ किलो २५ ग्राम गाँजासहित धादिङका २१ वर्षीय साजन चेपाङ पक्राउ परेका छन् । कारमा १२ वटा पोका बनाएर लैजाँदै गरेको अवस्थामा उक्त गाँजा बरामद भएको हो । यसैगरी, सुनसरीको इटहरीबाट ट्रामाडोल र डाइक्लोमाइन १२५/१२५ ट्याब्लेटसहित एक किशोर, झापाको झापा गाउँपालिका र मेचीनगरबाट ब्राउनसुगर तथा खैरो हेरोइनजस्तो पदार्थसहित दुई जना पक्राउ परेका छन् । ललितपुरको धापाखेलबाट पनि खैरो हेरोइनजस्तो पदार्थ २.२७० ग्रामसहित दुई जना पक्राउ परेका छन् ।

कञ्चनपुरको बेलौरीबाट ५९० मिलिग्राम ब्राउनसुगरजस्तो पदार्थसहित २३ वर्षीय नितेश राना तथा तेह्रथुमको लालीगुराँसबाट ट्रामाडोल र डिकोलकसहित २९ वर्षीय सुजित भण्डारी पक्राउ परेका छन् । पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

खेलकुद समाचार

## एनभिएलमा मधेशको लगातार दोस्रो हार




**काठमाडौं,** भदौ २०/ नेपाल भलिबल लिग एनभिएलमा काठमाण्डौ रेड्सले विजयी शुरुवात गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शनिबार भएको खेलमा काठमाण्डौले मधेश वारियर्सलाई ३-२ को सेटमा पराजित गरेको हो ।

काठमाण्डौले पहिलो सेट २०-२५ ले गुमाए पनि त्यसपछि लगातार दुई सेट २६-२४ र २५-१७ ले जितेको थियो । चौथो सेट २२-२५ ले मधेशले जितेपछि खेल पाँचौं सेटमा पुगेको थियो । निर्णायक सेटमा काठमाण्डौले १६-१४ को जीत निकाल्दै खेल आफ्नो पक्षमा पारेको हो । योसँगै मधेशले लगातार दोस्रो हार बेहोरेको छ । पहिलो खेलमा हिजो सगरमाथा स्म्यासर्ससँग पराजित भएको थियो ।

अर्थ/कर्पोरेट समाचार

# अण्डाको मूल्यमा पुनः वृद्धि



**काठमाडौं,** भदौ २० /अण्डाको मूल्यमा पुन: वृद्धि भएको छ । नेपाल लेयर्स कुखुरापालक संघले शुक्रबारदेखि लागू हुने गरी अण्डाको फार्म समर्थन बिक्री मूल्य बढाएपछि फार्म मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

संघले सार्वजनिक गरेको नयाँ मूल्य सूचीअनुसार अण्डाका विभिन्न आकारमा प्रतिक्रेट १५ रुपैयाँका दरले मूल्य बढाइएको छ । यसअघि भदौ ४ गते निर्धारण गरिएको मूल्यमा एक्सएल आकारको अण्डाको फार्म मूल्य प्रतिक्रेट ५ सय ९० रुपैयाँ रहेकामा बढाएर ६ सय ५ रुपैयाँ पुऱ्याइएको छ । त्यस्तै, ठूलो आकारको अन्डाको मूल्य प्रतिक्रेट ५ सय ७५ रुपैयाँबाट बढेर ५ सय ९० रुपैयाँ तथा मिडियम अन्डाको मूल्य ५ सय ३५ रुपैयाँबाट ५ सय ५० रुपैयाँ पुगेको छ । सानो आकारको अण्डाको मूल्य भने प्रतिपेटी ३ हजार २ सय रुपैयाँमा यथावत राखिएको संघले जनाएको छ । संघका अनुसार यी फार्म मूल्य हुन् । उपभोक्ताका लागि भने अन्डाको मूल्य आकारअनुसार फरक पर्नेछ । उपभोक्ता मूल्य प्रतिगोटा २५ रुपैयाँसम्म पुगेको छ भने मिडियम आकारका दुईवटा अण्डाका लागि ४५ रुपैयाँ, अर्थात् प्रतिगोटा साढे २२ रुपैयाँ तिर्नुपर्नेछ ।

# भोटेकोशीको पीडाबीच ...

...बजारमा जय जयकारको गुञ्जनसहित भगवतीको रथयात्रा निकालिएको छ । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाईका साथ मुर्तीलाई रथमा राखेर नगर परिक्रमा गरिएको छ । ऐतिहासिक महत्व बोकेको जात्राका क्रममा शान्ति सुव्यवस्था कायम गर्न जिल्लाको सुरक्षा व्यवस्था समेत कडा बनाइएको छ ।

नेपाली सेनाले अंग्रेज सेनालाई युद्धमा पराजित गरेको खुसीयालीमा विक्रम सम्वत् १८७७ सालदेखि विजय उत्सव मनाउन सुरू गरिएको इतिहासका जानकार निर्मल श्रेष्ठले बताए । विश्व विजयको यात्रामा हिँडेको अंग्रेज सेनासँग नेपाली सेनाले पाल्पाको नुवाकोट र बुटवलको जितगढीमा युद्ध लडेर विजयको झण्डा फहराएको थियो । तत्कालीन पाल्पाका प्रशासक कर्णेल उजिर सिंह थापाको नेतृत्वमा दुई पटकसम्म भएका युद्धमा अंग्रेज फौजलाई पराजित गरेपछि त्यसको खुसीयालीमा हरेक वर्ष कृष्ण जन्माष्टमीको भोलिपल्ट भगवतीको रथयात्रासहित विजय उत्सव मनाउन सुरू गरिएको हो । बुटवल क्षेत्रलाई अंग्रेजको हातमा पर्न नदिन कर्णेल उजिर सिंह थापाले युद्धमा विजयी भएमा भगवतीको मन्दिर बनाई सिन्दुरजात्रा गर्ने भाकल गरे अनुसार यो जात्रा मनाउने गरिएको इतिहासकार श्रेष्ठले बताए । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पाल्पामा मनाइने रणउजीरेश्वरी भगवती रथ जात्राले नेपालको वीरता र राष्ट्रिय गौरवको इतिहासलाई पुस्तौँदेखि जीवन्त राखेको बताए । उनले भगवती जात्राले धार्मिक आस्था, सांस्कृतिक विविधता, सामाजिक सद्भाव र राष्ट्रिय एकताको भावना बलियो बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको उल्लेख गरे । मौलिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सकिने उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले यस्ता सांस्कृतिक पर्वले रोजगारी सिर्जना र पर्यटन विकासमा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

रथयात्रामा मुख्यमन्त्री आचार्य, प्रतिनिधि सभा सदस्य माधव थापा, राष्ट्रिय सभा सदस्य राजेन्द्र लक्ष्मी गैरे, पूर्वमन्त्री सोमप्रसाद पाण्डे, लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती, वन वातावरण तथा पर्यटनमन्त्री तुलसी प्रसाद चौधरी, प्रदेशका पूर्वमन्त्री खेम सारु, मध्य पश्चिम पृतना हेडक्वाटर बुटवलका पृतनापति उपरथी हिम्मत बहादुर विष्ट, सहायक रथी मनोज बैदवार, संजित श्रेष्ठ सिन्या महासेनानी मनोज गुरुङ् सहित हजारौं भक्तजनहरुको सहभागीता रहेको थियो । जिल्लाका सरकारी कार्यालयहरु, संघसंस्था, समूहहरु सबै रथयात्रासँगै सदरमुकाम तानसेन परिक्रमा गरेका थिए । जात्रामा सहभागिताका लागि गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, कास्की, रुपन्देही , काठमाडौं लगायतका जिल्लाबाट श्रद्धालु भक्तजनहरु पाल्पा आएका थिए । राष्ट्रिय विरतासँग जोडिएको भगवती जात्राका दिन आज लुम्बिनी प्रदेश सरकारले हरेक वर्ष पाल्पामा सार्वजनिक विदा दिदैँ आएको छ ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई